श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३६।१२।२८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राँकित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदाधिकार रहेका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (५) को अभियोगमा सोही नियमावलीको नियम १०.१(६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरेको छ।

१. श्री सुवर्णलक्ष्मी मल्ल।
२. श्री मोहमद शरिफ।

आज्ञाले,
विश्वराज रेग्मी
उप-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी पुनर्वास विभागको का.मु. महानिर्देशक श्री श्यामकुमार श्रेष्ठलाई अन्तः शुल्क विभागको महानिर्देशक पदमा मिति २०३६।१०। १९ को निर्णयानुसार कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी मिति २०३६।१०।१९ को निर्णयानुसार अन्तः शुल्क विभागका का. मु. महानिर्देशक श्री शिवप्रसाद शर्मालाई राजस्व प्रशासन तालीम केन्द्रको तालीम प्रमुख पदमा कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।